बैठकमिति: २०७५।०६।१६

<u>छलफल तथा निर्णयहरु</u>

१. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत राष्ट्रिय योजना आयोग र युनिसेफ नेपाल बीचको साझेदारीमा हुन लागेको प्रारम्भिक बाल शिक्षा रणनीति तर्जुमा प्रक्रियालाई अगाडि बढाउने । साथै राष्ट्रिय योजना आयोगको चालू वर्षको वार्षिक कार्यक्रमभित्र रही लागत साझेदारी गर्ने गरी सहमति दिने ।

२. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत विज्ञ समूह निर्माण गर्ने सम्बन्धमा सबै सम्बन्धित विषयगत क्षेत्र हेर्नुहुने माननीय सदस्यहरुले १५ औं योजना र दीर्घकालीन सोंचका विषयमा आवश्यक पर्ने विज्ञहरुको Roaster तयार गर्ने प्रयोजनकालागि निजहरुको विवरण अर्को बैठकभित्र सुशासन तथा सामाजिक विकास महाशाखालाई उपलव्ध गराउने ।

३. भौगोलिक हिसावले प्राविधिक विद्यालयहरुको नक्साङ्कन, तिनीहरुको प्रकार तथा प्राविधिक अनुशीक्षणले रोजगारी सिर्जनामा पारेको प्रभावबारे एउटै वृहत्तर अध्ययन गर्ने । यसका लागि सुशासन तथा सामाजिक विकास महाशाखाले वृहत अवधारणापत्र बनाई अर्को बैठकमा पेश गर्ने ।

४. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत नेपालमा यातायात पूर्वाधारको विकास र व्यवस्थापनको वर्तमान स्थिति (Position Paper) को अवधारणापत्रलाई स्वीकृति दिने । यस सम्बन्धी कार्यशर्तहरु तयार गरी मा. सदस्यबाट स्वीकृत गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने । यस अध्ययन प्रतिवेदनको समन्वयका लागि मा. सदस्य ई. श्री सुशिल भट्टको संयोजकत्वमा समन्वय समिति बनाउने । यस समितिमा सरोकारवाला निकायका सबै सह सचिवलाई सदस्यमा राख्ने साथै यस विषयगत क्षेत्र महाशाखाका सह सचिवलाई सदस्य र कार्यक्रम निर्देशकलाई सदस्यसचिव तोक्ने ।